# Year 1 Phonics Screening Check

| Information for parents and carers




# कक्षा १ फोनिक्स स्क्रिनिङ जाँच

| आमाबाबु र हेरचाहकर्ताहरूको लागि जानकारी

## स्वर (phonics) भनेको के हो?

स्वर (फोनिक्स) अक्षर र ध्वनिहरूबीचको सम्बन्ध हो र पढ्न सिक्नको लागि महत्त्वपूर्ण छ। केही बच्चाहरूलाई पढाई सिक्न मुस्किल हुन्छ। त्यसैले यी बच्चाहरूलाई चाँडै पहिचान गर्नु महत्त्वपूर्ण छ। यसले गर्दा शिक्षकहरूले उनीहरूलाई आवश्यक पर्ने कुनै पनि विशेष सहयोगको लागि योजना बनाउन सक्छन्।

### कक्षा १ फोनिक्स स्क्रीनिंग जाँच के हो?

कक्षा १ फोनिक्स स्क्रीनिंग जाँच एक छोटो राज्यव्यापी परीक्षा हो जसले शिक्षकहरूलाई तपाईंको बच्चाले फोनिक्समा कसरी प्रगति गरिरहेको छ भनेर बताउँछ। यो स्क्रीनिंग जाँचले कसरी तपाईंको बच्चाले विभिन्न अक्षर संयोजनहरूको साथ अंग्रेजी शब्दहरू पढ्न सक्छ भनेर अवलोकन गर्दछ। तपाईंको बच्चा शिक्षकसँग बस्नेछ र उसलाई ४० शब्दहरू चर्को स्वरमा पढ्न लगाइनेछ। यी शब्दहरूमा २० वास्तविक शब्दहरू र २० अर्थहिन शब्दहरू समावेश हुन्छन्। अर्थहिन शब्दहरूको उद्देश्य भनेको विद्यार्थीले त्यो शब्दलाई पहिला देखेको सम्झनाको सट्टा शब्दलाई समिस्रित गरी पढ्ने उनीहरुको ज्ञानलाई  प्रयोग गर्न सक्छन् कि हेर्नु हो। परीक्षणलाई सामान्यतया ५ -७ मिनेट लाग्छ। यदि तपाईंको बच्चालाई गाह्रो भईरहेको छ भने शिक्षकले जाँच रोक्नेछ। यो जाँचलाई तपाईंको बच्चाको लागि तनावपूर्ण नहोस् भनेर सावधानीपूर्वक तयार गरिएको छ।

कक्षा १ फोनिक्स स्क्रीनिंग जाँचको मुख्य उद्देश्य तपाईंको बच्चाको शिक्षकलाई जानकारी प्रदान गर्नु हो जसले तिनीहरूलाई तपाईंको बच्चाको सिकाइको लागि योजना बनाउन दिनेछ। प्रत्येक बच्चाको व्यक्तिगत रूपमा शिक्षकद्वारा मूल्याङ्कन गरिन्छ र सबै कक्षा १ का विद्यार्थीहरूको मूल्याङ्कन गरिनेछ।

### फोनिक्स किन महत्त्वपूर्ण छ?

अंग्रेजीमा पढ्न र लेख्न सिक्नको लागि ध्वनि ज्ञान र सीपहरू आवश्यक छन्। सफल हुनको लागि, विद्यार्थीहरूले व्यक्तिगत अक्षरहरू वा विभिन्न अक्षर संयोजनहरूद्वारा प्रतिनिधित्व गरिएका ध्वनिहरू सिक्न आवश्यक छ, र शब्दहरू पढ्नको लागि यी ध्वनिहरूलाई एकसाथ मिसाउने सीप सिक्न आवश्यक छ। शुरुवाती पाठकहरूले छिटो र धाराप्रवाह रूपमा शब्दहरूमा ध्वनिहरू कसरी मिसाउने भनेर सिक्न आवश्यक छ, ताकि पढाइको प्रवाह र पाठको उनीहरूको बुझाइमा बाधा नपरोस्।

यदि तपाईंसँग कक्षा १ फोनिक्स स्क्रिनिङ्ग जाँचसम्बन्धी कुनै प्रश्नहरू छन् भने कृपया स्कूललाई सम्पर्क गर्नुहोस्।

### टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई स्कूलमा सम्पर्क गर्न दोभाषे सहायता चाहिन्छ भने, कृपया 131 450 मा फोन गर्नुहोस्, अपरेटरलाई तपाईंलाई नेपाली भाषा चाहिन्छ भन्नुहोस् र उनीहरूलाई स्कूलमा फोन गर्न लगाउनुहोस्। अपरेटरले तपाईंको कुराकानीमा सहयोग गर्न लाइनमा एक दोभाषे खोजिदिनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।